# लेखा समितिको प्रतिवेदन, २०८३

अपिहिमाल गाउँपालिका

खण्डेश्वरी, दार्चुला

## मन्तव्य

नेपालको संविधानको धारा १९३ र सुदूरपश्चिम प्रदेशको गाउँसभा र नगरसभा (कार्यसञ्चालन) ऐन, २०७५ को दफा ७० को उपदफा (१) बमोजिम विभिन्न समितिहरु गठन गर्न सकिने प्रावधान बमोजिम अपिहिमाल गाउँपालिका गाउँ सभाको १६ औं अधिवेशनको बैठकबाट लेखा समितिको गठन भएको हो। यस समितिको चौथो प्रतिवेदन, २०८३ अपिहिमाल गाउँपालिकाको गाउँ सभाको आजको बैठकमा प्रस्तुत गर्न पाउदा अत्यन्त गौरवको अनुभूति गरेको छु। मलाई यो जिम्मेवारी सम्हाल्ने कामको नेतृत्व प्रदान गर्नु भएकोमा सभा अध्यक्षज्यू, गाउँ सभाका सबै सदस्यहरु तथा समितिका सदस्यज्यूहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु।

अपिहिमाल गाउँपालिकाको लेखा समितिको कार्यक्षेत्र गाउँपालिकाको लेखा समितिको कार्यविधि, २०७८ को दफा ३ बमोजिम महालेखापरीक्षकको वार्षिक प्रतिवेदन र बेरुजु फस्यौंट सम्बन्धी रहेको कुरा सम्मनित सभालाई विदितै छ। सोही व्यवस्था अनुसार स्थानीय सरकारलाई सभा प्रति उत्तरदायी र जवाफदेही बनाउनु, विभिन्न निर्देशनहरु मार्फत स्थानीय सरकारका गतिविधिहरुमा आर्थिक सुशासन कायम गर्नु, स्थानीय सरकारका कामकारबाहीहरुको निगरानी र मूल्याङ्कन गरी आवश्यक निर्देशनहरु मार्फत आर्थिक अनियमितता न्यूनीकरण गराउनु समितिको मुख्य कार्य रहेको छ साथै समितिको कार्यक्षेत्र भित्रका कार्यालय तथा निकायहरुको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन, आय वितरण, सम्पत्ति र खर्चको स्थिति तथा कार्यान्वयनको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने लगायतका कार्यक्षेत्रहरु यस समितिमा निहीत छन्।

महालेखापरीक्षकको बार्षिक प्रतिवेदन माथि सम्बन्धित निकायका पदाधिकारीहरुको सहभागितामा छलफल गरी सार्वजनिक खर्च गर्ने परिपाटीमा नियमितता, औचित्यता, मितव्ययीता, कार्यदक्षता र प्रभावकारीता कायम गरी बेरुजु न्यूनीकरण गराउने कार्यमा समिति रहेको छ। यस प्रतिवेदनमा महालेखापरीक्षकको बार्षिक प्रतिवेदनहरु, आ.व. २०७४/७५, आ.व. २०७५/७६, आ.व. २०७६/७७, आ.व.२०७७/७८, आ.व. २०७८/७९, आ.व. २०७९/८० , आ.व. २०८०/८१ र आ.व. २०८१/८२ सम्बन्धी समितिले गरेका निर्णयहरु साथै अन्य कार्यहरु समेटिएका छन् ।

सभा अध्यक्षज्यू,

लेखा समितिको कार्यक्षेत्र निकै जटिल र चुनौतीपूर्ण छ। यस सन्दर्भमा समितिले स्थानीय सरकार अन्तरगतका सार्वजनिक निकाय तथा संस्थामा देखिएका अनियमितता, बेरुजु, सार्वजनिक साधन र स्रोत हिनामिना, चुहावट तथा भ्रष्टाचारजन्य काम कारबाहीहरुलाई न्यूनीकरण गर्न प्रभावकारी भूमिका चाल्नु पर्ने स्थिति छ। यिनै समस्या तथा चुनौतीहरुलाई

हृदयंगम गर्दै समितिले आवश्यक कार्ययोजना बनाई आफ्ना काम कारबाहीहरुलाई अगाडी बढाउने काम शुरु गर्यो ।

लेखा समितिको गठन पश्चात विभिन्न कारणहरुले गर्दा लामो समय देखि महालेखापरीक्षकको वार्षिक प्रतिवेदनहरु माथि छलफल हुन नसक्दा पालिकाको बेरुजुको आकार प्रति बर्ष बढ्दै गएका कारणले यस समितिले बेरुजु फछ्यौंट गराउने कार्यका लागि राय सुझाव सहित गाउँपालिकाको कार्यालयलाई निर्देशन दिएको छ।

सभा अध्यक्षज्यू,

सभा अध्यक्षज्यूको अनुमतिले अब म लेखा समितिको पहिलो प्रतिवेदन, २०८२ सम्मानित सभा समक्ष स्वीकृतिका लागि पेश गर्दछु। धन्यवाद ।

...................

पोखर

सिंह लोथ्याल

संयोजक

लेखा समिति

<u>बिषयसूची</u>


| क्र.सं. | शीर्षक | पेज नं. |
|---|---|---|
| | परिच्छेद-१<br>प्रारम्भिक | |
| १.१ | लेखा समितिको परिचय | १ |
| १.२ | लेखा समितिको गठन | २ |
| १.३ | लेखा समितिको कार्यक्षेत्र तथा काम, कर्तव्य र अधिकार | २ |
| १.४ | लेखा समितिको सचिवालय | ३ |
| | परिच्छेद-२<br>समितिका निर्णयहरु | |

| | | |
|---|---|---|
| २.१ | समितिको बैठकका निर्णयहरु | ४ |
| | परिच्छेद-३<br>महालेखापरीक्षकको प्रतिवेदनमा औल्याइएका बेरुजुका सम्बन्धमा भएका कामकारबाहीहरुको विवरण | |
| ३.१ | आर्थिक वर्ष २०८१।८२ को महालेखापरीक्षकको प्रतिवेदन उपर मिति २०८२/०३/०३ गतेमा भएका दफावार छलफलका निर्णयहरुः | ६ |
| ३.२ | गाउँ सभामा हुनुपर्ने निर्णय | ८ |
| | परिच्छेद-४<br>निष्कर्ष | |
| ४.१ | निष्कर्ष | ९ |

# परिच्छेद-१

## प्रारम्भिक

### १.१ लेखा समितिको परिचय :

लेखा समिति गाउँ सभाको एक महत्वपूर्ण समिति हो । यसले सरकारको आर्थिक गतिविधिहरुको निगरानी गरी आर्थिक सुशासन कायम गराउन महत्वपूर्ण भूमिका खेलेको हुन्छ । सरकारको नीति निर्माण तहदेखि तिनको कार्यान्वयनको चरण र कार्यसम्पन्न भए पश्चात खर्चको यथार्थ अवस्थाको निगरानी गरी सार्वजनिक काम कार्यबाहीमा पार्दर्शिता, मितव्ययीता, जवाफदेहिता, औचित्यता र प्रभावकारिता कायम गराउने गर्दछ । सरकारका गतिविधिहरुको प्रत्यक्ष निगरानी गरी अख्तियारको दुरुपयोग हुन नदिई त्यसलाई नियन्त्रण गर्न आवश्यक निर्देशन दिने हुँदा यस समितिको संयोजकमा उपाध्यक्षलाई चयन गर्ने प्रचलन रहँदै आएको छ ।

लेखा समितिको इतिहास हेर्ने हो भने यसको गठन बेलायतको संसदबाट सन् १८६१ मा भएको पाइन्छ । उक्त समिति गैरराजनीतिक रुपमा काम गर्ने अपेक्षाका साथ राज्यकोषको खर्च संसदले चाहे बमोजिम होस् भनी त्यसको सुनिश्चितता गर्नु र सरकारी कोषको प्रभावकारी र मितव्ययीतापूर्वक खर्च भए नभएको जाँच पड्ताल गर्ने उद्देश्यका साथ भएको थियो । नेपालमा सार्वजनिक लेखा समितिको शुरुवात वि.सं. २०१६ साल देखि नै भएको पाइन्छ । नेपाल अधिराज्यको संविधान, २०४७ ले सार्वजनिक लेखा समितिलाई संवैधानिक व्यवस्था गरेको थियो भने हाल प्रदेश सभाले कार्यप्रणालीलाई व्यवस्थित गर्न सहयोग पुऱ्याउने उद्देश्यले नेपालको संविधानको धारा १९३ र सुदूरपश्चिम प्रदेशको गाउँसभा र नगरसभा (कार्यसञ्चालन) ऐन, २०७५ को दफा ७० को उपदफा (१) बमोजिम विभिन्न समितिहरु गठन गर्न सकिने प्रावधान रहेको छ । सोही प्रावधान बमोजिम अपिहिमाल गाउँपालिकाको चौधौं गाउँसभाको बैठकबाट लेखा समितिको गठन भएको हो ।

गाउँसभाका अन्य बिषयगत समितिहरु मध्ये लेखा समिति एक महत्वपूर्ण समिति भएकाले यसले गाउँपालिकाको वित्तीय सुशासन कायम गर्न, सार्वजनिक पदाधिकारीहरुलाई उत्तरदायी बनाउने, जवाफदेहिता प्रबर्द्धन गर्ने तथा महालेखापरीक्षकको वार्षिक प्रतिवेदन माथि अध्ययन तथा छलफल गरी बेरुजुलाई नियमित गराउने, असुल उपर गराउने, प्रमाण आधार पेश नगरेको अवस्थामा प्रमाण पेश गर्न लगाउने तथा छानविन गर्नुपर्ने किसिमको बेरुजु माथि छानविन गरी कारबाहीका लागि सिफारिस गर्ने कार्य गर्दछ ।

## १.२ <u>समितिको गठन</u> :

नेपालको संविधानको धारा १९३ तथा सुदूरपश्चिम प्रदेशको गाउँसभा र नगरसभा (कार्यसञ्चालन) ऐन, २०७५ को दफा ७० को उपदफा (१) तथा अपिहिमाल गाउँपालिकाको गाउँ सभा (कार्य सञ्चालन) नियमावली, २०८० को नियम ११५ बमोजिम लेखा समितिको गठन भएको छ ।

**लेखा समितिमा रहनु भएका सदस्यज्यूहरुको नामावली** :

| क्र.सं. | नाम, थर | सम्बद्ध राजनीतिक दल |
|---|---|---|
| १ | श्री पोखर सिंह लोथ्याल | नेपाली कांगेस |
| २ | श्री सुर्जना धामी | नेकपा माओवादी केन्द्र |
| ३ | श्री राम प्रसाद जोशी | नेपाली कांगेस |

## १.३ <u>समितिको कार्यक्षेत्र तथा काम, कर्तव्य र अधिकार</u> :

**<u>कार्यक्षेत्र</u> :**

सुदूरपश्चिम प्रदेशको गाउँसभा र नगरसभा (कार्यसञ्चालन) ऐन, २०७५, अपिहिमाल गाउँपालिकाको गाउँ सभा (कार्य सञ्चालन) नियमावली, २०८० बमोजिम गठन भएका समितिहरु मध्ये लेखा समितिको कार्यक्षेत्र लोकसेवा आयोग र मानव अधिकार अयोग बाहेक संवैधानिक आयोगका प्रतिवेदन, सार्वजनिक लेखा तथा महालेखापरीक्षकको प्रतिवेदन र बेरुजु फछ्र्यौट सम्बन्धी रहेको छ ।

### १.३.१ समितिको काम, कर्तव्य र अधिकार :

लेखा समितिको कार्यविधि, २०७८ को दफा ३ बमोजिम समितिको काम, कर्तव्य र अधिकार निम्म रहेका छन ।

- ➢ वार्षिक बजेटले अनुमान गरे बमोजिम राजस्व संकलन र स्रोत परिचालन भए नभएको हेरी लक्ष्य प्राप्तिका लागि कार्यपालिकालाई आवश्यक सुझाव दिने ।
- ➢ कार्यपालिकामा भए गरेका कार्यहरुमा वित्तीय सुशासन कायम गराउन सुझाव दिने ।
- ➢ पेश्की बेरुजुको अवस्था विश्लेषण गर्दै सो को फछ्र्यौटका लागि आवश्यक रणनीतिक सुझाव दिने ।
- ➢ स्वीकृत वार्षिक बजेटले अनुमान गरे बमोजिमको काम भएको वा नभएको बारेमा लिखित प्रतिवेदन र सुझावहरु समेत सभामा पेश गर्ने ।
- ➢ महालेखापरीक्षकबाट सम्पन्न अन्तिम लेखा परीक्षणबाट कायम भएका बेरुजु तथा आर्थिक अनियमितता सम्बन्धमा त्यस्तो बेरुजु र आर्थिक अनियमिततालाई नियमित एवं असुल उपर फछ्र्यौट गर्न आवश्यक काम कारबाही गरे वा नगरेको बिषयमा निर्देशन दिने र प्रतिवेदन पेश गर्ने तथा बेरुजु फछ्र्यौटका लागि ताकेता गर्ने।

- वडा अनुसार स्रोत परिचालन तथा रकम संकलन भए नभएको बारेमा कारण सहितको प्रतिवेदन तयार गर्ने ।
- समितिको कार्यक्षेत्र भित्रका बिषयमा प्राप्त उजुरी, संचार माध्यमा आएका बिषयहरु, सरोकारवालाको चासो एवं समितिले आवश्यक ठानेका बिषयहरुमा जाँच गरी आवश्यक निर्देशन दिने ।
- स्थानीय सरकारको पूर्ण वा आंशिक ऋण वा अनुदानमा संचालित संस्था र कार्यक्रमको जाँच गरी आवश्यक निर्देशन दिने ।

## १.४ लेखा समितिको सचिवालय :

अपिहिमाल गाउँपालिकाको लेखा समितिको कार्यविधि, २०७८ को दफा १७ बमोजिम लेखा समितिको सचिवालय अपिहिमाल गाउँपालिका आन्तरिक लेखापरीक्षण शाखा वा तोकेको स्थानमा रहनेछ । सचिवले समितिको कार्य सम्पादनमा सहयोग पुऱ्याउन समितिको कार्यक्षेत्र अन्तरगतका निकायसँग आवश्यक जानकारी माग गर्न सक्नेछ । सभापतिको अनुमति लिई बैठकमा विचाराधिन बिषयमा समितिको सचिवले आफ्नो राय दिन सक्ने व्यवस्था रहेको छ ।

समितिको सचिवालयमा कार्यरत कर्मचारीहरु:

| क्र.सं. | नाम, थर |
|---|---|
| १ | ईश्वर सिंह धामी |
| २ | अशोक सिंह धामी |
| ३ | कु. गीता धामी |

समिति संचालन सम्बन्धी थप विवरण :

- समितिको बैठकमा उपस्थित समितिका सदस्यहरुको बहुमतको निर्णय समिको निर्णय मानिने, मत बराबर भएमा सभापतिले निर्णायक मत दिने र समितिको बैठकको निर्णय सभापतिबाट प्रमाणित गर्ने प्रावधान रहेको छ ।
- समितिले आफ्नो कार्य सम्पादनका क्रममा उपसमिति गठन गर्नुपर्ने महशुस गरेमा आफ्नो कार्यक्षेत्रको परीधि भित्र रही उपसमिति गठन गर्न सक्ने र त्यस्तो उपसमिति गठन गर्दा उपसमितिले सम्पादन गर्नुपर्ने कार्य, कार्य सम्पन्न गरिसक्नु प्रने समयावधि समेत निर्धारण गरी सदस्यहरुको नाम सहित बैठक समक्ष प्रस्ताव गर्ने व्यवस्था रहेको छ ।

# परिच्छेद-२

## समितिका निर्णयहरु

**२.१ समितिको बैठकका निर्णयहरु :**

**बैठक संख्याः १**

**मिति : २०८३/०३/०३**

निर्णय नं. १:- अपिहिमाल गाउँपालिकाको आर्थिक बर्ष २०८१।८२ को महालेखा परिक्षकको प्रतिवेदनको दफा २९ मा स्थानीय खेलकुद समितिको सदस्य सचिव सम्बन्धित स्थानीय तहको खेलकुद हेर्ने शाखाको प्रमुख नै सदस्य सचिव हुनुपर्नेमा पालिकाले नियमावली विपरित र थप व्ययभार हुने गरी खेलकुद सदस्य सचिव करारमा नियुक्ति गरी खर्च गरेको रकम नियमसम्मत नरहेको भनी अनियमित बेरुजु सम्बन्धमा उक्त कर्मचारीलाई शिक्षा शाखाको कार्यबोझ तथा कार्यसम्पादनमा सहज ल्याउनका लागि नियुक्त गरिएकोले कार्यालयको सेवा प्रवाहमा सहज भएको र यस कार्यले कार्यालयलाई कुनै पनि हानी नोक्सानी नभएको, अब उप्रान्त सो प्रवृतिको कार्यलाई नियन्त्रण गर्ने गरी उल्लिखित दफामा हाल सम्म कायम हुन आएको अनियमित बेरुजु महालेखा परीक्षकको कार्यालयलाई नियमानुसार अनुरोध गरी फरफारक गर्न गाउँ कार्यपालिकालाई निर्देशन दिने र सोको अनुमोदनका लागि समिति मार्फत गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

**बैठक संख्याः २**

**मिति : २०८३/०३/०४**

निर्णय नं. १:- अपिहिमाल गाउँपालिकाको गत आर्थिक बर्ष २०८१।८२ मा अपिवेश क्याम्प सम्म पर्यटकीय पदमार्ग निर्माण कार्य सम्पन्न भई संघीय समपुरक अनुदानको रकम निकासा प्राप्त नभएको कारणले भुक्तानी दिन बाँकी थप पालिकाको दायित्व सृजना भएको रकम कच्चावारी म.ले.प.फा.नं. २२१ बमोजिम स्रोत व्यवस्थापनका सहित भुक्तानीका लागि सिफारिस सहित कार्यपालिका मार्फत सभाको बाइसौं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

## परिच्छेद-३

## महालेखापरीक्षकको प्रतिवेदनमा औंल्याइएका बेरुजुका सम्बन्धमा भएका कामकारबाहीहरुको विवरण

**३.६ आर्थिक वर्ष २०८१/८२ को महालेखापरीक्षकको प्रतिवेदन उपर मिति २०८३/०३/०३ गतेको बैठकमा भएका दफावार छलफलका निर्णयहरु :**

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| १ | २ | वित्तीय विवरणको यथार्थताः पालिकामा हुने सबै आर्थिक कारोवार सुत्र मार्फत हुने र सबै कारोवार वित्तिय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ । | सुझाव अनुसार गर्न निर्देशन गर्ने । |
| २ | ८ | त्रैमासिक पुँजीगत खर्च : पालिकाको त्रैमासिक रुपमा हुने खर्चलाई सन्तुलित बनाउन कार्ययोजना बनाइ समयमै बजेट कार्यान्वयन गरी वर्षान्तमा कामको गुणस्तरमा असर पर्ने गरी खर्च हुने व्यवस्था गर्नुपर्दछ । | सुझाव अनुसार गर्न निर्देशन गर्ने । |
| ३ | ७ | आन्तरिक नियन्त्रण लेखापरीक्षण : पालिकाले त्रैमासिक रुपमा आय र व्ययको आन्तरिक लेखापरीक्षण गर्न आन्तरिक लेखापरीक्षकको पदपुर्ति गरी आन्तरिक लेखापरीक्षण गर्दै आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारि बनाउने व्यवस्था गर्नुपर्दछ । | सुझाव अनुसार गर्न निर्देशन गर्ने । |
| ४ | १९ | अनुदानको अनुगमन : समपुरक तथा बिशेष अनुदान सम्बन्धी कार्यविधि बमोजिम आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको प्रमुखको नेतृत्वमा अनुगमन समिति गठन गरि नियमित अनुगमन गरी सो को प्रतिवेदन सम्बन्धित निकायहरुमा पठाउने । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ५ | २९ | खेलकुद सदस्य सचिवः स्थानीय खेलकुद समितिको सदस्य सचिव सम्बन्धित स्थानीय तहको खेलकुद हेर्ने शाखाको प्रमुख नै सदस्य सचिवको व्यवस्था गर्दै अब उप्रान्त करारमा नियुक्त गरी व्ययभार नथप्न र सो बेरुजु रकम नियमित गर्न | सुझाव अनुसार गर्न निर्देशन दिने । |

| | | | |
|---|---|---|---|
| | | महालेखा नियन्त्रकको कार्यालयमा सभामार्फत पेश गर्ने । | |
| ६ | ५१.२ | शैक्षिक गुणस्तर: सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार स्थानीय तहले बाल विकास केन्द्रहरुको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामग्रीमा समसामयिक सुधार, प्र.अ. हरुको व्यवस्थापकिय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेशागत विकासलाई सुदृढिकरण, विद्यार्थी मुल्याङ्कन प्रणालीमा सुधार, प्राबिधिक तथा व्यावसायिक शिक्षामा सुधार गर्दै शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु हुनुपर्नेमा नदेखिएकोले सुधार गर्दै प्रभावकारी कार्यान्वयनको व्यवस्था गर्नपर्दछ । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ७ | ५४.४ | निष्कृय खाता : निष्कृय खाताको रकम फिर्ता सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ अनुसार सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ । लाभग्राहीहरुको विवरण अनुसार Parking वा settlement मा रहेको विवरण माग गरी सो रकम फिर्ता गर्नुपर्ने । | प्रमाण सहित फछ्यौंट गर्न निर्देशन दिने । |
| ८ | ६० | **जेनेरेटर रकम** : पालिका र निर्माण व्यवसायी रबिना/प्रसंसा/ एल बि एण्ड जेभी बिच भएको सम्झौता बमोजिम १० केभिए जेनेरेटर निर्माण व्यवसायीले आपुर्ति नगरेको र पालिकाले सो कार्यको भुक्तानी समेत नदिएको अवस्थामा सो रकम प्रमाण पेश बेरुजुमा कायम भएको सन्दर्भमा जेनेरेटरको को आवश्यकता, व्ययभार, औचित्यता , कठिनाइ र कारणहरुको अध्ययन गरी प्रमाण वा प्रतिवेदन पेश गर्नुपर्ने । | प्रमाण सहित फछ्यौंट गर्न निर्देशन दिने । |
| ९ | ६८ | प्रोभिजनल सम : पालिका र अपि शैपाल मार्मा कन्ष्ट्रक्सन एण्ड सप्लायर्स बिच छिपुला केदार धार्मिक पुरातात्विक मन्दिर निर्माण गर्न सम्झौता भएको र सो निर्माण व्यवसायीले Insurance, information board र occupational health & | प्रमाण सहित फछ्यौंट गर्न निर्देशन दिने । |

| | | | |
|---|---|---|---|
| | | safety कार्यको प्रमाण पेश नगरेको भनि उल्लेखित बेरुजुमा सक्कल बिल भर्पाई पेश गर्न लगाइ सम्बन्धित निकायमा पठाउने । | |
| १० | १५ | दायित्व बाँकी: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा १२ मा बजेट तर्जुमा गर्दा प्रचलित कानून बमोजिम सृजित दायित्वको लेखाजोखा गर्नुपर्ने र अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७७ को बुदाँ नं ४.१.३ मा बजेट अनुमान गर्दा गतबर्षको भुक्तानी दिन बाँकी दायित्वको लागि आवश्यक बजेट अनुमान गरे पश्चात मात्र अन्य पुँजीगत कार्यक्रमको लागि बजेट अनुमान गर्नुपर्ने व्यवस्था छ । पालिकाले गत बर्ष सृजित भुक्तानी बाँकी दायित्व र चालु बर्षमा सृजित हुन सक्ने दायित्वहरुको अनुमान गर्दै भुक्तानी दायित्व बाँकीलाई पहिलो प्राथमिकतामा राख्दै त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्दछ । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ११ | ४१ | धरौटी सदरस्याहा: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६७(२) मा न्यायिक वा अर्धन्यायिक निकायमा रहेको धरौटी फिर्ता पाउने ठहर भएको एक वर्षसम्म सम्बन्धित व्यक्ति फिर्ता माग्न नआएमा एक बर्ष पुगेपछि त्यस्तो धरौटी रकम फिर्ता लिन आउनु भनी त्यस्तो निकायले १५ दिनको म्याद दिई कुनै राष्ट्रियस्तरकव दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नछ । नियम ३ मा उपनियम (२) बमोजिमको म्यादभित्र त्यस्तो धरदटी रकम फिर्ता लिन नआएमा राजस्व खातामा जम्मा गरी हिसाब मिलान गर्नुपर्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम पालिकाले धरौटीको एकिन गरी धरौटी फिर्ता र धरौटी सदरस्याहाको प्रकृया अवलम्बन गर्ने व्यवस्था गर्नुपर्दछ । | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| १२ | ४६ | आन्तरिक आय: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले यो वर्ष नेपाल सरकारबाट प्राप्त समानिकरण अनुदान र राजस्व बाँडफाँटबाट प्राप्त रकमको | सुझाव अनुसार गर्न निर्देशन दिने । |

| | | | |
|---|---|---|---|
| | | तुलनामा आन्तरिक आय १.५९ प्रतिशत मात्र रहेको छ । स्थानीय वित्तीय आधारलाई फराकिलो बनाउदै आन्तरिक आय सङ्कलन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ । | |

## ३.७ गाउँसभामा हुनुपर्ने निर्णय :

अपिहिमाल गाउँपालिकाको आर्थिक वर्ष २०७४/७५ देखि २०८१/८२ सम्मको महालेखापरीक्षकको प्रतिवेदनमा देखिएको नियमित, प्रमाण पेश, पुष्ट्याई, एकिन गर्नु पर्ने बेरुजुसँग सम्बन्धित कार्यहरु सबै सु-सम्पन्न भएको हुँदा तपसिल बमोजिमको नियमित गर्नु पर्ने बेरुजु सम्परीक्षण गरी फछ्र्यौट गर्न मनासिव देखिएको निर्णय पारित गरियो ।

**तपसिलः**

**आ.व. २०८१/८२ को जम्मा रु. ५६१००७.२३।–**

- खेलकुद सदस्य सचिव नियुक्त गरि तलब भत्ता भुक्तानी भएको अनियमित रु. २,४०,०००।०
- सामाजिक सुरक्षा भत्ताको लाभग्राहीहरुको खाताहरुमा निष्कृय रकम रु. ६५,२२७।२३
- १० केभिए जेनेरेटर सम्झौता बमोजिम आपुर्ति भएको नदेखिएको रु. १,५०,०००।००
- छिपुलकेदार मन्दिर निर्माण गर्ने निर्माण व्यवसायी अपिशैपाल मार्मा कन्स्ट्रक्सनले प्रोभिजन समको बिल भर्पाई पेश नगरेको रु. १,०५,७८०।००

## परिच्छेद-४
## निष्कर्ष

### ४.१ निष्कर्षः

अपिहिमाल गाउँपालिका गाउँ सभाको १६ औं अधिवेशनको बैठकबाट गठित यस लेखा समितिले आर्थिक वर्ष २०७४/७५ देखि आर्थिक वर्ष २०८१/८२ सम्मको महालेखापरिक्षकको वार्षिक प्रतिवेदनको अध्ययन गरी गाउँपालिकाको बेरुजु फछ्यौंट गर्न गराउन यो प्रतिवेदन तयार गरिएको छ । अपिहिमाल गाउँपालिकाको लेखा समितिको कार्यविधि, २०७८ को दफा ३ मा व्यवस्था भए बमोजिमका कार्यक्षेत्रमा रही लेखा समितिले आफ्नो कार्य गरी म.ले.प. प्रतिवेदनले औंल्याएका बेरुजु फछ्यौंटका लागि सम्बन्धित सरोकारवालाहरुलाई कामकारबाहीको लागि निर्देशन गरेको छ ।समग्रमा यस प्रतिवेदनमा आर्थिक वर्ष २०७४/७५ को नियमित हुनुपर्ने बेरुजु रु. ३५ लाख ५ सय २८, असुल उपर बेरुजु रु. १३ लाख ४ हजार ३ सय ७३, पेश्की बाँकी बेरुजु रु. ५ लाख १४ हजार र आ.व. २०७३/७४ को नियमित गर्न बाँकी रु. ३ लाख ३५ हजार ९ सय ५० गरी जम्मा बेरुजु रु. ५६ लाख ५४ हजार ८ सय ५१ देखिएको छ । त्यसैगरी आर्थिक वर्ष २०७५/७६ मा नियमित हुनुपर्ने रु. ६९ लाख ६५ हजार २ सय , असुल उपर रु. ९२ हजार ७ सय ६० र पेश्की रु. ४ लाख २० हजार गरी जम्मा रु. ७४ लाख ४७ हजार ९ सय ६० बेरुजु रहेको छ । आर्थिक वर्ष २०७६/७७ मा नियमित हुनुपर्ने रु. १६ लाख ६२ हजार ९ सय ९६, असुल उपर रु. १५ लाख ९९ लाख ३ सय २६ र पेश्की रु. १ लाख ५२ हजार गरी जम्मा रु.३४ लाख १४ हजार ३ सय २२ बेरुजु रहेको छ । यसैगरी आर्थिक वर्ष २०७७/७८ मा प्रमाण पेश गर्नुपर्ने रु. १ करोड १४ लाख ४० हजार १६५.६८ गरी जम्मा रु. **११४४०१६५.६८** बेरुजु देखिएको छ भने आर्थिक वर्ष २०७८/७९ को नियमित हुनुपर्ने रु. १७ लाख ९६ हजार १९२.००, असुल उपर रु. २४ लाख ४१ हजार ४५०.०० र प्रमाण पेशगर्नुपर्ने रु. ५ लाख ८९ हजार ०२१.०० गरी जम्मा रु. ४८२६६६३।०० बेरुजु रहेको छ ।यसैगरी आ.व. २०७९/८० मा नियमित गर्नुपर्ने २० लाख ३७ हजार ०९०.००, असुल गर्नुपर्ने २ लाख ९४ हजार ४०९ र प्रमाण पेश गर्नुपर्ने ६२ लाख २९ हजार ८८२ गरी कुल बेरुजु जम्मा रु. ८५ लाख ६१ हजार ३८१ बेरुजु रहेको छ । आर्थिक बर्ष २०८०।८१ मा प्रमाण पेश गर्नुपर्ने बेरुजु रु. ३९ हजार ७००।०० मात्र र आर्थिक बर्ष २०८१।८२ मा असूल गर्नुपर्ने : ९ लाख ०६ हजार १०० , अनियमित भएको : २ लाख ४० हजार, प्रमाणका पेश नभएको : ३ लाख २१ हजार ७ रुपैया , पेश्की बाकी रु.१ लाख गरी कुल बेरुजु रु १५ लाख ६७ हजार २०७ तथा यस बर्ष सम्परीक्षण भएको बेरुजु रु.५८ लाख ७१ हजार ९१७ सहित कुल अद्यावधिक बेरुजु रु ४ करोड ६१ लाख

७९ हजार १ सय ९० रुपैया रहेको छ । यो देखिएको नियमित हुनुपर्ने बेरुजुलाई आवश्यक कागजपत्र तथा प्रक्रिया पुरा गरी सम्परीक्षण गराउन गाउँ सभाले पनि यस सम्बन्धमा आवश्यक दफावार छलफल सहित निर्णय गर्नु पर्ने भएकाले स्वीकृतीको लागि यस गरिमामय सभामा यो प्रतिवेदन पेश गर्दछु । धन्यवाद !

..........................

पोखर सिंह लोथ्याल
संयोजक
लेखा समिति